वस्तुगत प्रश्नोत्तर

१. **कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा चिकित्सा शिक्षातर्फको स्नातक तह (एमबीबीएस)को पठनपाठन कहिलेदेखि सुरुवात भएको हो ?**

- वि.सं. २०७८ मङ्सिर १९
- यस वर्षबाट चिकित्सा शिक्षा आयोगले प्रतिष्ठानलाई चिकित्सा शास्त्रतर्फ एमबीबीएस अध्ययन गर्न स्वीकृति प्रदान गरेको ।
- पहिलो पटक एमबीबीएससहित बी फर्मा, स्नातक तहमा नर्सिङ र पब्लिक हेल्थको अध्ययन सुरु भएको ।
- आयोगले प्रतिष्ठानलाई एमबीबीएसमा अध्ययन गर्न २० जनाको कोटा तोकिदिएको । पूर्ण छात्रवृत्तिमा १५ र सशुल्कमा पाँच कोटा कायम गरिएको । फार्मेसीमा पनि २० जनाको कोटा निर्धारण गरिएको ।
- प्रतिष्ठानले हाल तीन सय शय्या क्षमताको अस्पतालसमेत सञ्चालनमा ल्याइसकेको ।
- प्रतिष्ठानमा गत वर्षदेखि पोस्ट ग्राजुएसन (एमडी) तहमा पाँच जनाले अध्ययन गरिरहेका । यसअघि प्रतिष्ठानमा प्रवीणता प्रमाणपत्र तहमा नर्सिङ हेल्थ असिस्टेन्ट, एनेस्थेसिया असिस्टेन्ट, एमडीएमएस, बालरोग विशेषज्ञ र एमडीजीपीको अध्यापन पनि हुँदै आएको ।

२. **राष्ट्रिय बाघ गणना २०७८ को सुरुवात कहिलेदेखि गरिएको हो ?**
- वि.सं. २०७८ मङ्सिर १९
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले चितवनसहित देशभर बाघ भएका जङ्गलमा मङ्सिर १९ देखि सर्वेक्षण सुरु गरेको ।
- वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादवद्वारा बुट्यानमा जडान गरिएको क्यामरा अन गरेर सर्वेक्षणको शुभारम्भ गरिएको ।
- नेपालमा सन् २००९ मा १२१ वटा, सन् २०१३ मा १९८ वटा र सन् २०१८ मा २३५ वटा बाघ रहेको अनुमान गरिएको ।
- नेपालले सन् २०१० मा रसियाको सेन्ट पिटसवर्गमा भएको बाघसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सन् २०२२ सम्ममा बाघको सङ्ख्या दोब्बर बनाउने प्रतिबद्धता जनाएको थियो ।

३. **म्यानमारकी प्रजातन्त्रवादी नेत्री आङसाङ सुकीलाई म्यानमारको सैनिक सरकारले कति वर्षको जेल सजाय तोकेको हो ?**
- चार
- सैनिक सरकारको आदेश अवज्ञा गरेको, आन्दोलन र हिंसा भड्काउन भूमिका निर्वाह गरेको लगायतका आरोपमा उहाँलाई चारवर्षे जेल सजाय गर्न लागिएको ।
- सुकीसँगै पूर्वराष्ट्रपति विन मिन्तलाई पनि चारवर्षे जेल सजाय तोकिएको ।
- नोबल पुरस्कार विजेता ७६ वर्षीया नेत्री सुकीलाई त्यहाँको सैनिकले सत्ता कब्जा गरेसँगै आफ्नै निवासमा नजरबन्दमा राखेको छ । उहाँलाई कारागार चलान गर्नुपर्ने फैसला सन् २०२१ डिसेम्बर ६ मा गरिएको ।
- यसका साथै नेत्री सुकीलाई आर्थिक अनियमितता गरेको, शक्ति र स्रोत साधनको दुरुपयोग गरेकोलगायतका दर्जनौं मुद्दा सैनिक सरकारले लगाएको ।

४. **सन् २०२१ डिसेम्बरमा जर्मनीको चान्सलरमा नियुक्त व्यक्तित्व को हुन् ?**
- ओलाफ स्कोल्ज

- ६३ वर्षीय स्कोल्ज मर्केलको सरकारमा उपचान्सलर रहेका ।
- जर्मन संसद् बुन्डेस्टागमा स्कोल्जको पक्षमा ३९५ र विपक्षमा ३०३ मत खसेको ।

५. **वि.सं. २०७८ मङ्सिरमा सम्पन्न राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को महाधिवेशनले अध्यक्षमा कसलाई चयन गऱ्यो ?**
- राजेन्द्र लिङ्देन
- अध्यक्षसहित १४९ कार्यसमिति चयनका लागि मङ्सिर १८ मा भएको मतदानबाट प्रतिस्पर्धी कमल थापालाई दुई सय मतान्तरले पछि पार्दै लिङ्देन अध्यक्ष निर्वाचित भएका ।
- २०४९ मा राप्रपाको विद्यार्थी सङ्गठनको संस्थापक अध्यक्ष बनेका लिङ्देन २०७४ सालको संसदीय चुनावमा झापा-३ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित भएका ।
- त्यस्तै महामन्त्रीमा धवलशमशेर राणा, भुवनकुमार पाठक र महिला महामन्त्रीमा कुन्तीकुमारी शाही निर्वाचित भएका ।

६. **नेपालको दोस्रो गौतम बुद्ध भनी कसलाई चिनिन्छ ?**
- जयपृथ्वीबहादुर सिंह

७. **तामाङ भाषाको लिपि रोङ हो भने लिम्बू भाषाको लिपि कुन हो ?**
- सिरिजङ्गा

८. **पाटन दरबारलाई पहिले के भनी चिनिन्थ्यो ?**
- मनिगल

९. **ओजन तह पत्ता लगाउने व्यक्ति जे.सी. फारम्यान हुन् भने ओजन तह पातलिँदै गएको तथ्य पत्ता लगाउने व्यक्ति को हुन् ?**
- शेरउड रोल्यान्ड

१०. **सन्की राजा भनी श्री ५ सुरेन्द्रलाई चिनिन्छ भने अयोग्य राजा भनी कसलाई चिनिन्छ ?**
- श्री ५ राजेन्द्र

११. **विश्वमै देशको राजधानी सहरबाट सबैभन्दा नजिक रहेको राष्ट्रिय निकुञ्ज कुन हो ?**
- शिवपुरी राष्ट्रिय निकुञ्ज

१२. **नेपाललाई कहिलेसम्म डिजिटल नेपाल बनाउने लक्ष्य रहेको छ ?**
- सन् २०२५

१३. **अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति कार्यान्वयन समितिको अध्यक्ष को हुने प्रावधान छ ?**
- अर्थमन्त्री

१४. **काभ्रेपलाञ्चोकपछि कुन जिल्लालाई दूधमा आत्मनिर्भर बनाउने घोषणा गरिएको हो ?**
- चितवन

१५. **पूर्वको ग्रेट ब्रिटेन भनी जापानलाई चिनिन्छ भने दक्षिणको ग्रेट ब्रिटेन भनी कुनलाई चिनिन्छ ?**
- न्यूजिल्यान्ड

१६. **औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार ऊर्जामूलक उद्योगअन्तर्गत कुन-कुन उद्योग पर्दछन् ?**
- जलस्रोत, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्यास, वायोग्यास वा अन्य स्रोतबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग, विद्युत् प्रसारण लाइन, विद्युत् वितरण प्रणाली, वायोग्यासमा आधारित ऊर्जा, चिनी उद्योगको सह-उत्पादनका रूपमा उत्पादन हुने विद्युतीय ऊर्जा, ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने उद्योग ।

१७. **संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)द्वारा प्रकाशित प्रतिवेदनअनुसार सबैभन्दा बढी बालविवाह हुने राष्ट्र कुन हो ?**
- मध्य अफ्रिकी गणतन्त्र

१८. **नेपालमा कृषि तथा पशु बीमाको सुरुवात कहिलेदेखि भएको हो ?**
- वि.सं. २०६९ माघ

१९. **भर्चुअल मुद्राको सुरुवात कुन देशबाट भएको हो ?**
- जापान

२०. **शिक्षा एउटा निरन्तर गतिशील तथा विस्तृत प्रक्रिया हो । यस भनाइले शिक्षाको कुन अर्थलाई सङ्केत गर्दछ ?**
- शिक्षाको व्यापक अर्थ

२१. **औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार 'बौद्धिक सम्पत्ति' भन्नाले के बुझिन्छ ?**
- पेटेन्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक सङ्केत चिह्न, व्यापारिक गोपनीयतालगायतका बौद्धिक सम्पत्तिका साथै प्रचलित कानुनले प्रतिलिपि अधिकारका रूपमा परिभाषित गरेको विषय ।

२२. **संयुक्त राष्ट्रसङ्घले कुन वर्षलाई 'इन्टरनेसनल इयर अफ क्रिएटिभ इकोनोमी फर सस्टेनेबल डेभलपमेन्ट'का रूपमा मनाउने निर्णय गऱ्यो ?**
- सन् २०२१

२३. **प्रस्तावित रानीटार विमानस्थल कुन जिल्लामा पर्दछ ?**
- पाँचथर

२४. **सिस्टर रोबर्ट केसँग सम्बन्धित छ ?**
- कोभिड-१९ लगायत सङ्क्रामक रोगका बिरामीको सहयोग
- बागमती प्रदेशको नेतृत्वमा नेपाल इन्जिनियर्स एसोसिएसनद्वारा निर्मित यो रोबर्ट कोभिड-१९ लगायत रोग सङ्क्रमण भएका एवं आइसोलेसनमा रहेका बिरामीबाट स्वास्थ्यकर्मीलाई सुरक्षित राख्न प्रयोग गर्न सकिने ।
- रिमोट कन्ट्रोलमार्फत बिरामीलाई औषधि, खाना, खाजा पुऱ्याउन यो रोबर्ट प्रयोग गर्न सकिने ।

२५. **बहुमुखी प्रतिभाका धनी एवं महान् चित्रकार लियोनार्दो दा भिन्चीको जन्म कुन देशमा भएको हो ?**
- इटाली
- उनको जन्म सन् १४५२ अप्रिल १५ मा इटालीमा भएको र निधन सन् १५१९ मे २ मा फ्रान्समा भएको ।
- मोनालिसा, द लास्ट सपर, द भर्चुभियन मेन, लेडी विथ एन इरमाइन उनका विश्वविख्यात चित्रहरू हुन् ।

२६. **एसिया प्रशान्त आर्थिक सहयोग 'एपेक'को स्थापना कहिले भएको हो ?**
- सन् १९८९
- स्थापनाकालमा १२ देश मात्र रहेको यस सङ्गठनमा हाल २१ सदस्य राष्ट्र छन् ।
- यसको प्रधान कार्यालय सिङ्गापुरमा रहेको छ ।
- यस संस्थाको पहिलो सम्मेलन सन् १९८९ मा अस्ट्रेलियामा सम्पन्न भएको हो ।

२७. **सरकारले एसएलसी परीक्षा (हाल एसईई)मा ग्रेडिङ प्रणाली (प्राविधिकतर्फ) कहिलेदेखि लागू गरेको हो ?**
- २०७१ सालको एसएलसी परीक्षादेखि
- (२०७२ सालदेखि साधारणतर्फ पनि ग्रेडिङ प्रणाली लागू गरिएको ।)

२८. **हिन्द महासागर र बङ्गालको खाडीमा चल्ने वायुलाई के भनी चिनिन्छ ?**
- साइक्लोन
- (थार तथा गोवी मरुभूमिमा बहने तातो हावालाई 'लु' भनी चिनिने ।)

२९. **प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको पदमा नियुक्तिका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता कति हो ?**
- स्नातक तह

३०. **इन्डोप्यासिफिक रणनीति कुन देशको नेतृत्वमा सञ्चालित कार्यक्रम हो ?**
- अमेरिका (विश्व अर्थ राजनीतिमा चीनको उदय भएसँगै एसियाली अर्थ राजनीतिमा अमेरिकी प्रभुत्व कायम राख्ने उद्देश्यका साथ लिइएको अमेरिकी वैदेशिक नीति ।)

प्रस्तुतकर्ता : टङ्क केसी

विषयगत प्रश्नोत्तर

आर्थिक कूटनीतिले अर्थतन्त्र सबल

१. **नेपालको सार्वजनिक प्रशासनका विशेषताहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**
- संविधान र कानुनद्वारा व्यवस्थित गरिएको,
- राजनीतिक इच्छाशक्तिलाई व्यवहारमा उतार्दै आएको,
- नीति तथा कानुन निर्माणमा राजनीतिक नेतृत्वलाई सूचना प्रवाह गर्दै आएको,
- सरकारको नीति तथा कार्यक्रमप्रति प्रतिबद्ध रहेको,
- जुनसुकै दलको सरकार गठन भए पनि आफ्नो कार्य गर्दै आएको,
- राजनीतिप्रति तटस्थता देखाएको,
- कानुन कार्यान्वयन गर्ने संयन्त्रका रूपमा स्वीकार गरिएको,
- स्थायी सरकारका रूपमा कार्य गर्दै आएको,
- राजनीतिक शून्यतामा पनि देश र जनताको निरन्तर सेवा गर्दै आएको,
- देशको सीमा सुरक्षादेखि शान्ति सुरक्षा, विकास निर्माण कार्य, आकस्मिक कार्य जस्तै :- आगलागी, भूकम्प, बाढीपहिरोजस्ता दैवीप्रकोपमा उद्धार, राहत तथा पुनर्स्थापनाजस्ता कार्य गर्दै आएको,
- स्वच्छ प्रतिस्पर्धाद्वारा लोक सेवा आयोगबाट छनोट भएका व्यक्तिहरू रहने गरेको ।

२. **आर्थिक कूटनीतिलाई व्यवस्थित गर्न आवश्यक पर्ने निकायहरू कुन कुन हुन् ? उल्लेख गर्नुहोस् ।**
- मुलुकको आर्थिक हितलाई ध्यानमा राखी मित्र राष्ट्र एवं अन्तर्राष्ट्रिय समुदायसँग सम्बन्ध बढाउने, सहयोग लिने दिने, समझदारी र समन्वय गर्दै देशको अर्थतन्त्रलाई सबल बनाउने कार्य आर्थिक कूटनीति हो । यो विदेश नीतिको अर्को प्रमुख पाटो हो । आर्थिक कूटनीतिअन्तर्गत अर्थतन्त्रका अनेक विषय पर्ने भएकाले यो एक बहुआयामिक विषय हो । त्यसैले यसलाई व्यवस्थित गर्न सरकारी निकाय मात्र नभएर बहुनिकायको संलग्नता र तिनको भूमिका आवश्यकता पर्न सक्दछ । यसलाई व्यवस्थित गर्न आवश्यक पर्ने निकायहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- नेपाल सरकार, परराष्ट्र मन्त्रालय,
- विदेशस्थित नेपाली राजदूतावास,
- विदेशस्थित महावाणिज्य दूतावास,
- विदेशस्थित श्रम सहचारी,
- गैरआवासीय नेपाली र तिनीहरूको सङ्गठन,
- नेपाल पर्यटन बोर्ड,
- निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घसंस्थाहरू जस्तै :- उद्योग वाणिज्य महासङ्घ, उद्योग परिसङ्घ, घरेलु तथा साना उद्योग महासङ्घ, महिला उद्यमी महासङ्घ आदि ।

३. **कार्यालयमा बैठक व्यवस्थापन गर्दा गर्नुपर्ने कार्यहरू बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।**
- कार्यालयमा नीति, योजना, कार्यक्रम, बजेट, सेवा प्रवाह लगायतका विविध विषयमा आपसी छलफल गर्ने, अन्तर्क्रिया गर्ने र कार्यान्वयनयोग्य निष्कर्ष निकाल्ने कार्य बैठक व्यवस्थापन हो । यो व्यवस्थापनको नियमित कार्य हो । यसले कार्यालयका हरेक कामलाई पारदर्शिता, जिम्मेवार, जवाफदेही एवं वैधता प्रदान गर्दछ । यसका लागि बैठकको तयारी, सञ्चालन लगायतका कार्यहरू गर्नुपर्ने हुन्छ, जसलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

● **बैठक सञ्चालन पूर्वतयारी**
- बैठकमा सहभागीलाई बैठकका विषय, बैठक बस्ने मिति, समय र स्थानसमेत स्पष्ट गरी लिखित पत्राचार गर्ने,
- बैठकमा पेस गर्नुपर्ने लिखित वा मौखिक सूचना, तथ्याङ्क एवं दस्तावेजहरू के के हुन् तयारी गर्ने,
- बैठकमा सहभागीहरूको सङ्ख्या, पदीय हैसियत, मर्यादा लगायतका पक्षमा विचार गरी बैठक बस्ने सभाहलमा त्यहीअनुसार तयारी गर्ने, सहभागीहरूको नाम, थर, पद, बस्ने स्थान र कुर्ची व्यवस्थित गर्ने,
- बैठक हलको सरसफाइदेखि खानेपानी, खाजा, खानालगायतका आवश्यक पक्षको व्यवस्था गर्ने,
- लामो बैठक, धेरै विषयमा छलफल तथा निर्णय गर्नुपर्ने भई धेरै दिन बैठक चलाउनुपर्ने भएमा सहभागीका लागि खान र बस्नको व्यवस्था गर्ने,
- अन्य आवश्यक पूर्वतयारी गर्ने ।

● **बैठक सञ्चालन**
- बैठक सञ्चालन एउटा औपचारिक कार्यक्रम भएकाले कार्यक्रम सञ्चालनको कार्यतालिका तयार गर्ने,
- उद्घोषण, आसन ग्रहण, बैठकका विषयवस्तुको पेपर वितरण गर्ने,
- बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट बैठकको सञ्चालन, विषयवस्तुबारे सङ्क्षिप्त जानकारी गराउने,
- सहभागीहरूबाट आफ्ना धारणा तथा विचारहरू प्रस्तुत,
- उठेका विषयहरूको टिपोट,
- सबै विषयमा छलफलपश्चात् निर्णय लेखन, सहमति कायम, निर्णयमा हस्ताक्षर, निर्णयको प्रतिलिपि वितरण ।

● **बैठक सम्पन्न भएपछि गर्नुपर्ने कार्य**
- बैठकका निर्णयहरूबारे सरोकारवालाहरूलाई जानकारी गराउने,
- निर्णयहरूको कार्यान्वयन गर्ने,
- कार्यान्वयनमा सरोकारवालाको सक्रिय सहभागी गराउने,
- कार्यान्वयनबाट प्राप्त अनुभव ग्रहण गर्ने,
- पृष्ठपोषण लिई अर्को बैठकका लागि विषयवस्तुको तयारी गर्ने ।

४. **नेपाल परराष्ट्र सेवामा रहने नियोग र नियोग प्रमुखबारे छोटो परिचय दिनुहोस् ।**
- नेपाल परराष्ट्र सेवामा रहने नियोगले विदेशस्थित नेपाली राजदूतावास, स्थायी नियोग, नेपाली महावाणिज्य दूतावास, वाणिज्य दूतावास र नेपाल सरकारले समय-समयमा विदेशमा प्रतिनिधित्व गर्न खडा गरेको अन्य कुनै निकायलाई जनाउने व्यवस्था छ ।

● त्यसैगरी नियोगमा निम्न नियोग प्रमुख रहने व्यवस्था छ :
- (१) राजदूत,
- (२) स्थायी प्रतिनिधि,
- (३) महावाणिज्यदूत,
- (४) कार्यवाहक राजदूत,
- (५) कार्यवाहक स्थायी प्रतिनिधि,
- (६) वाणिज्य दूत,
- (७) नेपाल सरकारले तोकेका अन्य अधिकारीहरू ।

५. **सेवाग्राहीप्रति कर्मचारीले के कस्तो व्यवहार गर्नुपर्दछ ? लेख्नुहोस् ।**
- सेवाग्राही सेवा प्रापक हो, कर्मचारी सेवा प्रदायक हो । सेवा प्रदायकले सेवाग्राहीप्रति असल व्यवहार गर्नुपर्दछ । जुन निम्नअनुसार हुनुपर्दछ :
- सेवाग्राहीको काम समयमै गर्नुपर्ने, समयमै काम हुन नसकेमा त्यसको आधार र कारण दिनु पर्ने,
- सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने,
- जवाफ दिँदा शिष्टतापूर्वक दिने,
- सेवाग्राहीप्रति उत्तरदायी रहने,
- सेवाग्राहीको हितलाई ध्यानमा राखी काम गर्ने,
- वृद्ध, अशक्त, अपाङ्ग, गर्भवती महिला, बालबालिका, असहायलाई प्राथमिकता दिनुपर्ने,
- सरल र सहज भाषामा सेवा दिने,
- सेवा प्रवाहमा सेवाग्राहीको पहुँच बढाउने,
- सेवा प्राप्तिको प्रक्रिया, लाग्ने समय, लागतबारे सेवाग्राहीलाई यथासमयमै जानकारी गराउने,
- आफ्नो पदअनुसारको आचरण पालन गर्ने,
- निष्पक्ष रूपमा गुणस्तरीय सेवा प्रवाह गर्ने,
- छिटो छरितो सेवा प्रवाह गर्ने,
- सेवा प्रवाहमा पारदर्शिता र मितव्ययिता कायम गर्ने,
- आफ्नो परिचयपत्र र तोकिएको पोसाकसहित सेवा प्रवाह गर्ने ।

६. **वन ऐन, २०७६ ले नेपालको राष्ट्रिय वन व्यवस्थापन तथा सदुपयोग सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् ।**
- वन ऐन, २०७६ ले नेपालको राष्ट्रिय वन व्यवस्थापन तथा सदुपयोग सम्बन्धमा वनलाई निम्न रूपमा व्यवस्थापन गरी वनको विकास, संरक्षण तथा सदुपयोगमा जोड दिएको छ :

● १. राष्ट्रिय वन
- राष्ट्रिय वनलाई निम्नअनुसार व्यवस्था गरेको छ :
- क. सरकारद्वारा व्यवस्थित वन,
- ख. वन संरक्षण क्षेत्र,
- ग. सामुदायिक वन,
- घ. साझेदारी वन,
- ङ. कबुलियती वन
- च. धार्मिक वन ।

● २. निजी वन
● ३. सार्वजनिक वन,
● ४. सहरी वन,

७. **नेपालको निजामती सेवाको सरुवा प्रणालीमा देखिएका कमजोरीहरू के के हुन् ? प्रस्तुत गर्नुहोस् ।**
- निजामती सेवामा कार्यरत कर्मचारीको तलब, सुविधामा खासै परिवर्तन नगरी कर्मचारीलाई ठाउँको हेरफेर गरी समान किसिमकै कार्य गराउने पद्धति सरुवा हो । यसमा कार्यालयको स्थान मात्र परिवर्तन हुन्छ । सङ्गठनको स्वरूप, कार्य प्रकृति तथा भौगोलिक अवस्थितिअनुरूप सरुवा हुने गर्दछ । यो निजामती प्रशासनको एक नियमित कार्य हो । नेपालको निजामती प्रशासनमा विद्यमान सरुवा प्रणालीलाई व्यवस्थित गर्न निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० लागू गरिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सेवा समूहसँग सम्बन्धित मन्त्रालयले सरुवाको कार्य गर्दै आएका छन् र पनि नेपालको निजामती सेवाको सरुवा प्रणालीमा विभिन्न कमजोरी देखिएका छन्, जसलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :
- सरुवाका आधारहरू छिटोछिटो परिवर्तन हुने गरेको, आधार खुलाएर सरुवा गर्ने नगरिएको,
- वर्षको एक पटक सरुवा व्यवस्थाले सङ्गठन र कर्मचारी दुवैको आवश्यकता पूरा हुन नसकेको,
- सरुवा प्रणाली स्वचालित हुन नसकेको,
- दुर्गम सरुवालाई बढुवामा अङ्क प्राप्तिमा मात्र सीमित गरिएको,
- कार्यालय प्रमुखको पदमा सरुवा गर्दा नेतृत्व क्षमता, निर्णय क्षमता, अनुशासन तथा आचरणमा जोड नदिइएको,
- सरुवालाई दण्ड सजाय दिने माध्यम बनाइएको, सरुवामा निर्णयकर्ताको भूमिका स्वविवेकीय भएकाले आफ्नो र पराइ भनेर विभेदसमेत गर्ने गरिएको,
- सरुवा प्रणाली पारदर्शी छैन, जसले गर्दा सरुवामा व्यापक भनसुन तथा कतै कतै त आर्थिक चलखेलसमेत भएको सुन्नमा आउने गरेको,
- सरुवासम्बन्धी भएका कानुनी व्यवस्था पालनाको कमी भएको,
- मन्त्रालय तथा विभागको सरुवामा आपसी समन्वय हुन नसकेको,
- सचिव र सहसचिव पदको सरुवा अस्थिर र अव्यवस्थित हुने गरेको, छिटोछिटो सरुवाले नीति, निर्णय, नेतृत्व कार्यमा असर पुगेको,
- दुईवर्षे सरुवा पद्धतिले कतिपय कार्यालयमा लामो समयसम्म कर्मचारीको अभाव हुने गरेको,
- वृत्ति विकासका बहुआयामिक पक्षमा सरुवालाई प्रयोग नगरिएको,
- सरुवामा पूर्वसूचना पद्धति लागू नगरिएको,
- प्रदेश र स्थानीय तहमा सरुवा पद्धति समन्वयात्मक हुन नसकेको ।

८. **प्रतिलिपि अधिकार भनेको के हो ? लेख्नुहोस् ।**
- मानव हितका लागि मौलिक एवं बौद्धिक रूपले सिर्जना गरिएका रचना, प्रस्तुति एवं प्रसारणमा स्रष्टालाई कानुनद्वारा प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ । यसमा स्रष्टाको सिर्जनामा प्रतिलिपि अधिकार संरक्षण हुन्छ । स्रष्टा तथा साधकहरूको असीमित कल्पना, गहन सोचाइ र निरन्तर बौद्धिक प्रयासबाट मात्र सिर्जनाको उत्पत्ति हुने हुँदा स्रष्टाहरूको सिर्जनामाथिको आर्थिक र नैतिक अधिकारको सुनिश्चितता प्रदान गर्न यसले मद्दत गर्दछ । बौद्धिक सम्पत्तिका दुई हाँगामध्ये एउटा प्रतिलिपि अधिकार हो र अर्को औद्योगिक सम्पत्ति अधिकार हो । औद्योगिक सम्पत्ति अधिकारअन्तर्गत आविष्कारमूलक कामका लागि पेटेन्ट अधिकार, वस्तुको मौलिक डिजाइनको संरक्षणका लागि डिजाइन अधिकार र वस्तु तथा सेवालाई अरूको भन्दा फरक देखाउन र चिनाउन उत्पादकले प्रयोग गर्ने चिह्नहरूको संरक्षणका लागि ट्रेडमार्क अधिकार पर्दछन् । प्रतिलिपि अधिकार स्वतः प्राप्त हुन्छ, दर्ता गर्नुपर्दैन तर प्रमाण पुऱ्याउन सजिलोका लागि स्वेच्छिक रूपमा दर्ता गराउन सकिने व्यवस्था छ । प्रतिलिपि अधिकार सङ्केत गर्न चिह्न प्रयोग गर्ने चलन पनि छ । नेपालले स्रष्टाहरूको सिर्जनाको संरक्षण गर्न प्रतिलिपि अधिकार संरक्षणसम्बन्धी कानुनको प्रमुख आधारका रूपमा रहेको सन् १९८६ को वर्न महासन्धि अनुमोदन गरेको छ । विश्व बौद्धिक सम्पत्ति सङ्गठन एवं विश्व व्यापार सङ्गठनको सदस्य भएको छ । प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ तर्जुमा गरी लागू गरिएको छ । नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय स्थापना गरिएको छ र पनि नेपालमा प्रतिलिपि अधिकारको सचेतना एवं संरक्षण व्यवस्थित हुन सकेको पाइँदैन ।

९. **प्रहरी प्रधान कार्यालयमा रहने नीति निर्माण समितिबारे लेख्नुहोस् ।**
- प्रहरी सङ्गठनमा बृहत्तर र दीर्घकालीन प्रभाव पार्नेलगायतका नीतिगत विषयमा नेपाल सरकारलाई सुझाव दिन, प्रहरी सङ्गठनको आन्तरिक व्यवस्थापन र प्रहरी नियमावली बमोजिम तोकिएका विषयमा समेत आवश्यकताअनुसार निर्णय लिन प्रहरी प्रधान कार्यालयमा देहाय बमोजिमको एक नीति निर्माण समिति रहने व्यवस्था प्रहरी नियमावली, २०७१ ले गरेको छ :
- (क) प्रहरी महानिरीक्षक - अध्यक्ष
- (ख) प्रहरी अतिरिक्त महानिरीक्षकहरू सबै - सदस्य
- (ग) उपत्यकास्थित प्रहरी नायब महानिरीक्षक सबै - सदस्य
- (घ) प्रहरी नायब महानिरीक्षक, प्रहरी महानिरीक्षकको सचिवालय - सदस्य-सचिव
- प्रहरी महानिरीक्षकले बैठकमा प्रस्तुत हुने विषयवस्तुको गम्भीरता र आवश्यकताअनुसार अन्य प्रहरी कर्मचारी, सरोकारवाला र विषयविज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने तथा नीति निर्माण समितिको बैठकसम्बन्धी कार्यविधि नीति निर्माण समिति आफैँले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ ।

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा

QUESTION BANK NEPAL